कार्यपालिकाको बैठक संख्याः १४

मितिः २०८३।०३।०९

आज मिति २०८३ साल असार ०९ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : बिहानको ८:०० बजे

उपस्थिति

| सि.नं. | नाम/ थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | | |
| १३. | श्री गंगा अर्याल | सदस्य | | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. | टंक प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | नवराज घिमिरे | ,, ,, | |
| ३. | लोकेन्द्र थापा | इ.लै.अ. | |
| ४. | टुल बहादुर राना | इ.डे.अ. | |
| ५. | प्रकाश थापा | इ.डे.अ. | |
| ६. | ~~[illegible] घिमिरे [illegible]~~ | | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | भोलाराज पौडेल | कार्यालय सहयोगी | |

कार्यपालिकाको बैठक संख्याः १४ मितिः २०८३।०३।०९

प्रस्तावहरु

१) कार्यसूचि स्वीकृत गर्ने सम्बन्धमा।

२) आर्थिक विधेयक माथी छलफल तथा स्वीकृत सम्बन्धमा।

३) विनियोजन विधेयक माथी छलफल तथा स्वीकृत सम्बन्धमा।

४) बजेट तथा कार्यक्रम माथी छलफल तथा स्वीकृत।

५) विविध सम्बन्धमा।

क) म्याद थप सम्बन्धमा।

ख) संस्थागत सहायता सम्बन्धमा।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः १४ मितिः २०८३।०३।०९

गुल्मीदरबार गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय गाउँबजार, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनको दोस्रो बैठकको तपसिल बमोजिमको कार्यसूचि गाउँकार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

अनुसुची - १
(कार्यविधिको दफा १० को उपदफा (१) संग सम्वन्धित)
**गुल्मीदरबार गाउँपालिका**
गाउँसभा
१९ औ अधिवेशन
कार्यसूची र समयतालिका

बैठक संख्या ०२ बैठक स्थानः गाउँपालिकाको सभाहल

अध्यक्षताः अध्यक्ष श्री सरोज कुमार थापा

| मिति | बैंठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८३/०३/१० | दिउँसो १:०० बजे | गुल्मीदरबार गाउँपालिकाको आ.व.०८३/०८४ को नीति तथा कार्यक्रम छलफल तथा स्वीकृतिका लागि सभा समक्ष पेश। | सभाध्यक्ष | |
| | दिउँसो १:३० बजे | गुल्मीदरबार गाउँपालिकाको आ.व.०८३/०८४ को आर्थिक विधेयक सभा समक्ष पेश। | सभासदस्य तारा थापा ढेंगा | |
| | दिउँसो १:४५ बजे | गुल्मीदरबार गाउँपालिकाको आ.व.०८३/०८४ को विनियोजन विधेयक सभा समक्ष पेश। | सभासदस्य तारा थापा ढेंगा | |
| | दिउँसो २:०० बजे | गुल्मीदरबार गाउँपालिकाको आ.व.०८३/०८४ बजेट सभा समक्ष पेश। | सभासदस्य तारा थापा ढेंगा | |

निर्णय नं २

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः १४ मितिः २०८३।०३।०९

गुल्मीदरबार गाउँपालिकालको राजश्व परामर्श समितिले आर्थिक वर्ष २०८३/०८४ का लागि सरकारले कर लगाउने, उठाउने, महसुल, शुल्क वा दस्तुर हेरफेर गर्ने तथा सरकारी कोषको व्यवस्थापन गर्ने वनेको **आर्थिक विद्येयक, २०८३** को मस्यौदा गाउँकार्यपालिकामा छलफल तथा स्वीकृत गरि अनुमोदनको लागि गाउँसभाको गाउँसभाको १९ औं अधिवेशनको पेश गर्ने **सर्वसम्मत** निर्णय गरियो।

<u>निर्णय नं ३</u>

गुल्मीदरबार गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको **विनियोजन विद्येयक, २०८३** गाउँकार्यपालिकाबाट स्वीकृत गर्ने र अनुमोदनको लागि गाउँसभाको १९ औं अधिवेशनको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>निर्णय नं ४</u>

गुल्मीदरबार गाउँपालकाको बजेट तर्जुमा समितिले नीति तथा कार्यक्रमका प्राथामिकता र सिद्धान्त, विभिन्न विषयगत समिति, सरोकारवाला समुदायबाट प्राप्त राय र सुझाव, स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समितिबाट प्राप्त सिलिङ्गका आधारमा आर्थिक वर्ष २०८३/०८४ को लागि तर्जुमा गरेको बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरि अनुमोदनको लागि गाउँसभाको १९ औं अधिवेशनको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>निर्णय नं ५</u>

क) गुल्मीदरबार गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कायदिश पाएका कतिपय उपभोक्ता समितिहरुको म्याद सकिएको हुँदा सम्पूर्ण उपभोक्ता समितिहरुको म्याद थप यहि २०८३ असार २३ गते सम्म गर्ने निर्णय गरियो।

ख) बौद्धिक अपाङ्गता अभिभावक संग गुल्मीले रेसुङ्गा नगरपालिका वडा नं ९ उपल्लो तम्घासमा अवस्थित संस्थाको आफ्नै भवनमा अपाङ्गता भएका व्यक्तिहरुका लागि दिवा सेवा केन्द्र(Day

...राज पौडेल
...सकीय अधिकृत

मितिः २०८३।०३।०९

कार्यपालिकाको बैठक संख्याः १४

Care Center) संचालन गर्न लागेको र उक्त सेवा केन्द्र सञ्चालनका लागि यस गाउँपालिकाबाट संस्थागत सहयोग शिर्षकबाट रु. ५० हजार सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) यस गुल्मीदरवार गाउँपालिकाबाट आगामी आर्थिक वर्षमा आर्थिक सहायता, संस्थागत सहयोत तथा अनुदान प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीको नामावली प्रत्येक मसान्तमा सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ५ सम्म
प्रमाणित गरिएको छ।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत